नेपाल सरकार
शिक्षक सेवा आयोग

## निम्न माध्यमिक तह अध्यापन अनुमतिपत्रको विज्ञापन - २०८०

(प्रकाशित मितिः २०८०।०४।११ गते)

शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित), २०५७ को नियम ९ को उपनियम (१) को खण्ड (ख) बमोजिम तोकिएको न्यूनतम योग्यता र तालिम पुगेका इच्छुक व्यक्तिहरूले आयोगको आधिकारिक अनलाइन दरखास्त प्रणाली https://license.tsc.gov.np/ मार्फत अनलाइन दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो विज्ञापन प्रकाशित गरिएको छ ।अनलाइन दरखास्तमा आवेदन गर्दा व्यक्तिगत विवरण एवम् पेस गरेका कागजातहरु राजश्व दस्तुर बुझाइ सकेपछि परिमार्जन/संशोधन तथा थपघट गर्न नसकिने र आवेदनकर्ताले राजस्व व्यवस्थापन सूचना प्रणालीबाट सिर्जित सिङ्गल वा दोब्बर दस्तुरको भौचर प्रिन्ट गरेपश्चात तोकिए कै मितिभित्र दस्तुर नबुझाएको अवस्थामा त्यस्ता दरखास्त फाराम अनलाइन प्रणालीबाटै स्वतः *Rejected* हुने व्यहोरा समेत सूचित गरिएको छ । व्यक्तिगत विवरण र पेस गर्नुपर्ने कागजातहरु सुनिश्चित गरेर मात्र अनलाइन दरखास्त दिनुहुन तथा पछि फरक पर्न गएमा व्यक्ति स्वयम् जवाफदेही र उत्तरदायी हुनुका साथै सो सम्बन्धमा आयोगबाट कुनै पनि कारवाही हुन नसक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

१. विज्ञापन नम्बरः ४०/०८०

२. परीक्षाको किसिमः लिखित परीक्षा

३. दरखास्त दस्तुरः रु. ७००/-

४. दरखास्त दिने अन्तिम मितिः २०८० भाद्र ०८ गते ।

५. दोब्बर दस्तुर बुझाई दरखास्त दिने मितिः २०८० भाद्र १५ गतेसम्म ।

६. उमेरको हदः दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भएको ।

७. **दरखास्तको माध्यमः** विज्ञापन भएको तहमा अनलाइन दरखास्त प्रणाली मार्फत दरखास्त दिनुपर्नेछ । आयोगको आधिकारिक वेबसाइट https://license.tsc.gov.np/मा Click गरी अनलाइन दरखास्त प्रणाली मार्फत दरखास्त पेस गर्न सकिनेछ र दरखास्त पेस गर्ने विधि सम्बन्धी विस्तृत जानकारी आयोगको **Website (add: user manual Link)** मा हेर्न सकिनेछ ।

८. परीक्षा सञ्चालन हुने मिति र समयः २०८०/०७/१८ गते दिउसो १:०० बजे ।

९. परीक्षा केन्द्रः सम्बन्धित प्रदेश अन्तर्गतका जिल्लाहरु । अन्य विस्तृत जानकारी आयोगको वेबसाइटमा पछि प्रकाशन गरिनेछ।

१०. **दरखास्त दस्तुर बुझाउने बैंक र विधिः** आयोगको अनलाइन दरखास्त प्रणालीबाट फाराम **submit** गर्नुपर्नेछ । फाराम submit गर्नुपूर्व आफूले भरेको विवरण छुटेको वा कुनै कागजात समावेश हुन छुट भएको त छैन ? एक पटक यकिन गर्ने । यकिन गरिसकेपछि दरखास्त पेस गरेको विवरणमा Click गर्ने । दरखास्त दस्तुर भुक्तानी भएपछि निवेदकको कुनै पनि विवरण परिवर्तन गर्न नसकिने हुँदा सोही अनुसार विवरण यकिन गर्ने । त्यसपछि आफूले **Apply** गरेको विज्ञापनमा दस्तुर बुझाउन यहाँ क्लिक गर्नुहोस मा **Click** गर्ने | बैंक **Option** मा राष्ट्रिय बाणिज्य बैंक वा नेपाल बैंक लिमिटेडमध्ये कुनै एक **Option** छनोट गर्ने । बैंक छनोट गरिसकेपछि भौचर प्राप्त गर्नुहोस मा **Click** गर्ने | त्यसपछि भौचर प्रिन्ट गरी सोही भौचरसहित सम्बन्धित बैंकमा गई तोकिएको रकम बुझाउनु पर्नेछ । **Online payment** गर्नेको हकमा भौचर जेनरेट भएपछि त्यस **Page** मा अनलाइन भुक्तनी गर्नुहोस मा **Click** गर्ने । त्यसपछि **online voucher generate** हुन्छ जसमा रकम भुक्तानी गर्ने विकल्पहरु मध्ये त्यहाँ भएका कुनै एक विकल्प छनोट गरी **Click** गर्ने । तत्पश्चात रकम भुक्तानी गर्नुहोस मा **Click** गर्ने । छनोट गरिएको विकल्पमा **Username and Password** हाली **Online Payment** मा आफ्नो नाम सहितको

उप सचिव

विवरण मिलेमा तोकिएको रकम सिङ्गल र दोब्बर दस्तुरको लागि तोकिएको मितिभित्र अनिवार्य रुपमा दाखिला गर्ने । रकम दाखिला भए नभएको यकिन गरी रकम दाखिला (**Payment**) को सत्यापन भएपछि मात्र आफ्नो निवेदन दाखिला भयो भनि सुनिश्चित हुने । प्रवेशपत्र हेर्न र प्रिन्ट गर्नका लागि दरखास्त दिने म्याद समाप्त भएपछि आयोगले सूचना प्रकाशन गर्नेछ । यसका लागि **आफ्नो इमेल, उम्मेदवार सङ्केत नम्बर र पासवर्ड सुरक्षित** साथ राख्ने ।

११. **दरखास्त दस्तुर बुझाउने अवधि:** दरखास्त दिने अन्तिम मिति २०८०।०५।०८ गते राती ११:५९ बजेभित्र राजश्व सूचना प्रणालीबाट सृजित भौचर प्रिन्ट गरी मिति २०८०।०५।१० गते बैंकिङ कारोवार हुने समयभित्र र दोब्बर दस्तुर तिरी दरखास्त पेश गर्नेका हकमा मिति २०८०।०५।१५ गते राती ११:५९ बजेभित्र भौचर प्रिन्ट गरी मिति २०८०।०५।१७ गते बैंकिङ कारोवार हुने समयभित्र अनिवार्य रुपमा दरखास्त दस्तुर बुझाई सक्नुपर्नेछ ।

१२. आवश्यक न्यूनतम योग्यताः

(क) नेपाली नागरिक ।

(ख) शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित), २०५७ को नियम १० बमोजिम अयोग्य नभएको ।

(ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा सो सरहको परीक्षा (कम्तीमा २०० पूर्णाङ्क वा ८ क्रेडिट आवर) उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा १० महिने तालिम पूरा गरेको ।

(घ) तोकिएको न्यूनतम शैक्षिक योग्यताभन्दा माथिल्लो योग्यता भएका व्यक्तिहरूले समेत दरखास्त दिन सक्नेछन् ।

१३. अपलोड गर्नुपर्ने कागजातहरु:- नागरिकताको प्रमाणपत्र, हालसालै खिचेको फोटो, दस्तखत नमुना, न्यूनतम योग्यताको लब्धाङ्कपत्र, तालिमको प्रमाणपत्र र समकक्षता प्रमाणपत्र (बिदेशी शिक्षण संस्थाबाट अध्ययन गरेकाको हकमा) Scan गरी अनलाइन दरखास्त प्रणालीले निर्दिष्ट गरेको स्थानमा jpeg/jpg format (**बढीमा 200 KB**) मा upload गर्नुपर्नेछ । दरखास्तमा उल्लेख गरेको विवरण र पेस गरिएका कागजातका सम्बन्धमा उम्मेदवार स्वयम् नै पूर्ण जवाफदेही हुनु पर्नेछ र उल्लेखित विवरण एवम् कागजात झुट्टा ठहरेमा त्यस्तो दरखास्त वा अध्यापन अनुमतिपत्र जुनसुकै समयमा पनि रद्द हुनेछ ।

१४. विज्ञापन सम्बन्धी थप जानकारी:-

(क) **शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ९ को उपनियम (६) मा उल्लिखित व्यवस्था बमोजिम कुनै उम्मेदवारले २०० पूर्णाङ्कको शिक्षा सम्बन्धी विषयमा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा प्रवीणता** प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गर्दा **Teaching Practice (Instructional Pedagogy)** वा **Practicum** वा **student teaching** विषय लिएको भएमा मात्र **तालिम प्राप्त गरेको मानिनेछ** ।

(ख) कुनै व्यक्तिले तत्कालिन उच्च माध्यमिक शिक्षा परिषद्को विशेष पाठ्यक्रम (**Special Curriculum**) बाट कक्षा १२ उत्तीर्ण गरेको भए त्यसलाई शैक्षिक उपाधिको मान्यता नदिइ तालिम प्रयोजनको लागि मात्र मान्यता दिइएको हुँदा त्यस्ता व्यक्ति यो विज्ञापनमा उम्मेदवार हुन सक्ने छैनन् ।

(ग) लिखित परीक्षा एकै दिन एकै समयमा हुने भएकोले जुन प्रदेशबाट परीक्षामा सहभागी हुन चाहेको हो सोही प्रदेश छनोट गर्नुपर्ने छ । तर एक व्यक्तिले एक प्रदेशभन्दा बढी प्रदेशमा दरखास्त दिन पाइने छैन ।

(घ) आयोगद्वारा तोकिएको म्यादभित्र पेस नभएको वा न्यूनतम योग्यता नपुगको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको लगायत रित नपुगेको वा कुनै शर्त राखी पेस गरिएको दरखास्त माथि कुनै कारवाही गरिने छैन ।

(ङ) दोब्बर दस्तुरको समयावधिलाई उमेर, शैक्षिक योग्यता र तालिम प्रयोजनका लागि गणना गरिने छैन ।

(च) कुनै व्यक्तिले झुट्टा विवरण (कागजात) पेस गरेको जानकारी हुन आएमा त्यस्तो व्यक्तिको दरखास्त जुनसुकै बखत रद्द गरी प्रचलित कानूनबमोजिम कारवाही गरिनेछ ।

नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर
२०५६

उप सचिव

(छ) अपाङ्गता भएको कारण आफैले लेख्न नसक्ने (दृष्टिविहीन, 'ग' वर्गको न्यून दृष्टि र दुबै हात नचल्ने) व्यक्तिले सहयोगी लेखक माग गर्दा तोकिएको न्यूनतम योग्यताभन्दा कम्तीमा एक तह मुनीको योग्यता भएको (शिक्षा विषय लिएर प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण नगरेको) व्यक्तिलाई सहयोगी लेखकको रूपमा राख्नको लागि स्थायी बसोबास भएको जिल्ला वा परीक्षा केन्द्र रहेको जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइले अनुमति दिन सक्नेछ । यस्तो सहयोगी लेखकले तोकिएको तह एक वर्ष अगाडि मात्र उत्तीर्ण गरेको हुनुपर्नेछ।

(ज) आयोगको वेबसाइट **www.tsc.gov.np/डाउनलोड मा Click गरी पाठ्यक्रम** प्राप्त गर्न सकिनेछ ।

नेपाल सरकार शिक्षक सेवा आयोग सानोठिमी, भक्तपुर २०५६

उप सचिव